# स्थानीय राजपत्र

## बेसीशहर नगरपालिकाद्धारा प्रकाशित

### खण्ड ४, संख्या १, असोज १४ गते, २०७८ साल


बेसीशहर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग १

# बेसीशहर नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८

**सभाबाट स्वीकृत मिति: २०७८/०३/२५**

**प्रस्तावना :**

बेसीशहर नगरपालिकामा कार्यरत कर्मचारीहरुको वृत्ति विकासलाई समयानुकुल व्यवस्था गर्न, कर्मचारीलाई सेवाप्रति समर्पित गराई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन एवं नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रवर्धन गर्न, कर्मचारीहरुको उचित व्यवस्था गरी समयानुकुल परिवर्तन गर्न र स्थानीय शासन पद्धतिलाई सरल, सहज र

पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामूखी बनाउने साथै स्थानीय सेवामा कार्यरत रहेका कर्मचारीहरुको समायोजन समेत गर्नु वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६, संविधानको अनुसूची ८ को देहाय ५ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ र १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाको नवौं नगर सभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “बेसीशहर नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन बेसीशहर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “उपप्रमुख” भन्नाले बेसीशहर नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ख) “कर्मचारी” भन्नाले नगरपालिकामा कार्यरत सबै कर्मचारी सम्झनु पर्छ ।

(ग) “कार्यपालिका सदस्य” भन्नाले बेसीशहर नगरपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले बेसीशहर नगरपालिका सम्झनु पर्छ ।

(ङ) “प्रमुख” भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) “स्थानीय कर्मचारी” भन्नाले बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा साविकका स्थानीय निकायका कर्मचारी समेतलाई जनाउने छ ।

(ज) “समायोजन” भन्नाले प्रचलित नेपाल कानुन बमोजिम समायोजन गरिएको कार्य सम्झनु पर्छ ।

## परिच्छेद २

## संगठन संरचना, समायोजन र पदपूर्ति सम्वन्धी व्यवस्था

**३. संगठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नेः** (१) नगरपालिकाको संगठन संरचना तथा दरबन्दी नगर सभाबाट पारित भए बमोजिम तेरीज कार्यपालिकाले स्वीकृत गर्नेछ ।

**४. स्थानीय तहका कर्मचारीहरुको समायोजन सम्बन्धमाः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुनु अघि बेसीशहर नगरपालिकामा कार्यरत स्थायी स्थानीय कर्मचारी र कर्मचारी समायोजन ऐन २०७५ लागु भएपछि साविक बेसीशहर नगरपालिका कार्यालय, जिल्ला विकास समिति लमजुङ र गा.वि.स.हरुबाट समायोजन भई आएका स्थायी कर्मचारीहरुको हालको बेसीशहर नगरपालिकामा समायोजन भएता पनि त्यस्ता कर्मचारीहरुको समायोजन गरिएको विद्यमान अवस्थामा कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ (१) बमोजिम समायोजन प्रोत्साहन सुविधाको व्यवस्था गरिने छ ।

(२) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेको कर्मचारीलाई एक पटकका लागि तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइने छ ।

(३) उपदफा (२) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउँदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्य सम्पादन मूल्यांकन समेतलाई आधार बनाइने छ ।

(४) उपदफा (१) बमोजिमको तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप गर्दा संघीय समायोजन ऐनसँग नबाझिने गरी देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| का.स., नगर प्रहरी, सवारी चालक हलुका र हेभी, कुचीकार | ५ वर्ष भन्दा कम स्थायी सेवा अवधि भएको | सोही स्तरमा | २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएको | एक तह स्तर वृद्धि | |
| | पाँचौ स्तरमा कार्यरत | सोही स्तरमा | २ ग्रेड थप |

| | | | |
|---|---|---|---|
| | ५ वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | | |
| | का.स. को हकमा दश वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएका एस.ई.ई. वा सो सरह शैक्षिक योग्यता भएको | सहायक स्तर चौथो | |
| सहायकस्तर चौथो | ५ वर्ष स्थायी सेवा अवधि नभएको | सोही तहमा | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |
| | ५ वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र न्यूनत्तम शैक्षिक योग्यता भएको | पाँचौ तहमा | |
| | ५ वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएको तर न्यूनत्तम शैक्षिक योग्यता नभएको | सोही स्तरमा | २ ग्रेड थप |
| सहायकस्तर पाँचौ | ५ वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएको तर न्यूनत्तम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष स्थायी सेवा अवधि नभएको | सोही तहमा | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |
| | ५ वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएको र आवश्यक न्यूनत्तम शैक्षिक | अधिकृत स्तर छैटौ तहमा | |

| | | | |
|---|---|---|---|
| | योग्यता हासिल गरेको | | |
| अधिकृत स्तर छैटौ तहमा | अधिकृत स्तर छैटौ तहमा ५ बर्ष स्थायी सेवा अवधि नभएको | सोही तहमा | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |
| | अधिकृत स्तर छैटौ तहमा ५ वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएको तर न्यूनत्तम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएको र आवश्यक न्यूनत्तम शैक्षिक योग्यता हासिल गरेको | अधिकृत स्तर सातौँ तहमा | |
| अधिकृतस्तर सातौ | ५ बर्ष स्थायी सेवा अवधि नभएको | सोही तहमा | २ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तह वृद्धि हुने |
| | अधिकृत स्तर सातौ तहमा ५ वर्ष भन्दा बढी स्थायी सेवा अवधि भएको | अधिकृतस्तर आठौ तहमा | |

**५. संगठन तथा कर्मचारी दरबन्दी :** (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी बेसीशहर नगरपालिकाको नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम प्रोत्साहन सम्बन्धी व्यवस्था बमोजिम स्तर वृद्धि वा तह वृद्धि भएकाहरुको हकमा स्वतः दरबन्दी सृजना हुनेछ ।

(३) उपदफा (२) बमोजिम स्तर वृद्धि भएका कर्मचारीहरुको स्तर वृद्धि एक पटक मात्र हुने हुँदा त्यस्तो दरबन्दी पुल दरबन्दीमा रहने छ र त्यस्तो सुविधा लिने कर्मचारी

सेवामा नरहेमा त्यस्तो दरबन्दी खारेज हुनेछ र स्तर वृद्धि भएका कारणले तल्लो पद रिक्त भएको मानिने छैन ।

**६. स्थानीय तहका कर्मचारीको समायोजनको आधारः** यस ऐन बमोजिम स्थानीय तहका कर्मचारीहरुको समायोजन पश्चात जेष्ठता कायम गर्दा देहायको आधारमा क्रमशः गरिनेछ :

(क) हालको पद वा तहमा सेवा गरेको ज्येष्ठता,

(ख) हालको पद भन्दा तल्लो पद वा तहमा सेवा गरेको ज्येष्ठता,

(ग) उमेरको जेष्ठता ।

**७. कर्मचारी हाजिर हुनु पर्ने एवं जिम्मेवारी दिनु पर्नेः** (१) यस ऐन बमोजिम समायोजन तथा स्थायी भएका कर्मचारीहरुले स्थायी वा समायोजन गरिएको पद वा तहमा कामकाज गर्नु पर्नेछ ।

(२) उपनियम(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समायोजन हुँदाका बखत देहायको अवस्था रहेको कर्मचारीले देहायको अवधि समाप्त भएपछि समायोजन भएको पद वा तहमा हाजिर हुनु पर्नेछ :

(क) प्रसुति बिदा वा प्रसुति स्याहार बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ख) किरिया बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ग) निलम्बनमा रहेको कर्मचारीले त्यस्तो निलम्बन समाप्त भएको,

(घ) असाधारण वा अध्ययन बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ङ) बिरामी परी अस्पताल भर्ना भएको कर्मचारीले कार्यालयमा हाजिर भएपछि ।

(३) प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भएता पनि उपनियम (२) बमोजिमको अवधि भित्र हाजिर नहुने कर्मचारीलाई प्रचलित कानुन बमोजिमको विभागीय सजायको आदेश दिन पाउने अधिकारीले विभागीय सजाएँ दिन सक्नेछ । तर यस्तो सजायँ दिनु पूर्व प्रचलित कानुन बमोजिम सफाई र स्पष्टीकरण पेश गर्न मनासिव मौका दिनु पर्नेछ । साथै यसरी अवकाश पाएमा नियमानुसार आवकाश पछि पाउने सुविधाभने पाउने छ ।

(४) यसरी समायोजन हुने कर्मचारीहरुलाई समायोजन भएको पत्र दिने तथा हाजिर गराई जिम्मेवारी दिने कार्य नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नु पर्नेछ ।

**८. पदपूर्ति समिति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा नगर कार्यपालिकाले बढीमा ५ जनाको एक पदपूर्ति समितिको गठन गर्नेछ ।

(२) यस ऐन बमोजिमको पदपूर्ति, बढुवा, ग्रेड वृद्धि एवं सेवा करारको निर्णय उपदफा (१) बमोजिमको समितिले गर्नेछ ।

(३) समितिले परीक्षाहरु सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न, विज्ञ तथा विशेषज्ञहरुको सेवा लिन वा गण्डकी प्रदेश लोक सेवा आयोगको सहयोग लिन सक्नेछ ।

(४) लिखित परीक्षा तथा अर्न्तवार्ता सञ्चालन गर्ने सम्बन्धी कार्य गण्डकी प्रदेश लोक सेवा आयोगले जारी गरेको मापदण्ड बमोजिम हुनेछ । प्रदेश लोक सेवा आयोगले मापदण्ड जारी नगरेसम्म संघीय लोक सेवा आयोगले जारी गरेको मापदण्ड बमोजिम गरिने छ ।

## परिच्छेद ३
## अस्थायी कर्मचारीको व्यवस्थापन सम्बन्धी व्यवस्था

**९. अस्थायी कर्मचारीको व्यवस्थापनः** (१) बेसीशहर नगरपालिकामा कार्यरत अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीको व्यवस्थापन यस ऐन बमोजिम गरिने छ ।
(२) हाल जे जुन शर्तमा कार्यरत रहेको भएता पनि नेपाल सरकारले सेवा करार सम्बन्धी निर्देशिका जारी गर्नु पूर्व अस्थायी वा करारको नियुक्ती प्राप्त गरी हालसम्म अटुट रुपमा सेवा गरेका कर्मचारीहरुलाई यस दफाको प्रयोजनको लागि अस्थायी कर्मचारी मानिने छ ।

(३) अस्थायी, करार तथा सेवा करार एवं ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई यस ऐन बमोजिम स्वेच्छिक अवकाशको अवसर प्रदान गरिने छ तर नगर कार्यपालिकाले तोकेको मिति भन्दा अगाडि देखि यस दफा बमोजिम अस्थायी रुपमा कार्यरत कर्मचारीहरुको हकमा सीमित प्रतिस्पर्धाको आधारमा एक पटकको लागि स्थायी हुने मौका प्रदान गरिने छ ।

(४) यस दफा बमोजिम सीमित प्रतिस्पर्धामा सहभागी हुने कर्मचारीको हालको पदनाम स्थानीय तहमा प्रचलित पदनाम भन्दा फरक भएमा त्यस्ता कर्मचारीहरुको शुरु नियुक्तिको क्रममा माग गरिएको शैक्षिक योग्यता तथा सो समयमा निजलाई दिएको जिम्मेवारीसँग मेलखाने स्थानीय तहमा तत्काल प्रचलित पद कायम गरी पदपूर्ति समितिले प्रकृया अगाडि बढाउन र निज कर्मचारी सो प्रतिस्पर्धामा सहभागी हुने गरी प्रबन्ध गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम स्थायी भएका कर्मचारीहरुको पदस्थापन यसै ऐन बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम स्थायी भएका कर्मचारीहरुले दफा (४) बमोजिम समायोजनको ग्रेड वृद्धि सम्बन्धी सुविधा समेत प्राप्त गर्ने छन् ।

## परिच्छेद ४

## कर्मचारी सम्बन्धी नीति निर्धारण एवं मार्ग दर्शन सम्बन्धी व्यवस्था

**१०.कर्मचारीको व्यवस्थापन समितिः** (१) स्थानीय तहका स्थायी, अस्थायी, करार, सेवा करार र ज्यालादारीमा काम गर्ने कर्मचारीहरुको विषयमा नगर कार्यपालिकालाई आवश्यक सुझाव दिन तथा आवश्यक नीति निर्धारण गर्न एक कर्मचारी व्यवस्थापन समिति रहने छ ।

(२) कर्मचारी व्यवस्थापन समितिमा देहायका सदस्यहरु रहने छ :

अध्यक्ष : नगरपालिकाको उपप्रमुख

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य दुई जना

सदस्य : नगर प्रमुखले तोकेको विषयगत क्षेत्रका विज्ञ दुई जना

सदस्य सचिव : सामान्य प्रशासन तथा जनशक्ति शाखा प्रमुख

(३) समितिले आफ्नो बैठकमा नगर प्रमुख तथा आवश्यकता अनुसार अन्य विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) कर्मचारी संघ संगठनको मागको विषयमा हुने छलफलमा वा कर्मचारीका प्रतिनिधिमूलक संस्थाहरुको उपस्थिति पनि आवश्यक हुने बैठकहरुमा यस्ता संघ संस्थाका प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिने छ ।

(५) यस दफा बमोजिम बैठकमा आमन्त्रण गर्ने व्यक्तिको सूची समितिको अध्यक्षले तोके बमोजिम हुनेछ ।

(६) समितिको बैठक नगर सभाको बजेट सत्रको सन्दर्भमा तथा अन्य समयमा आवश्यकता अनुसार बस्नेछ ।

**११. कर्मचारीको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा (१०) बमोजिम गठित कर्मचारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बेसीशहर नगरपालिकाको कर्मचारी प्रशासनसँग सम्बन्धित नीति निर्धारण गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ख) बेसीशहर नगरपालिकाको संगठन संरचना पुनरावलोकनको लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने वा गराउने तथा नगरपालिकामा सिफारिस गर्ने,

(ग) कार्यरत कर्मचारीको सुविधा एवं सेवाका शर्तहरु थप तथा हेरफेर गर्ने विषयमा नगरपालिकालाई आवश्यक सुझाव दिने,

(घ) कर्मचारी कल्याणकारी कोषको व्यवस्थापनमा नगरपालिकालाई सुझाव दिने,

(ङ) कर्मचारीहरुका प्रतिनिधिमूलक संस्थाहरुसँग आवश्यक समन्वय र सम्बन्ध स्थापित गर्ने,

(च) समितिको अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा

**१२. स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधाः** (१) स्थानीय सेवामा कार्यरत कर्मचारीले अवकाश हुँदा पाउने उपदान तथा अवकाश सुविधा यस दफा बमोजिम हुनेछ ।

(२) स्थायी पदमा कार्यरत कर्मचारीहरुले अवकाश हुँदा वा राजिनामा गरी सेवाबाट अलग हुँदा पाउने उपदान सुविधा देहाय बमोजिम हुनेछ :

(क) ५ देखि १० वर्षसम्म सेवा अवधि पुरा भएमा प्रतिवर्ष खाइपाई आएको आधा महिनाको तलब बराबरको दरले हुन आउने रकम ।

(ख) १० देखि १५ वर्षसम्म सेवा अवधि  पुरा भएमा प्रतिवर्ष खाइपाई आएको एक महिनाको तलब बराबरको दरले हुन आउने रकम ।

(ग) १५ देखि २० वर्षसम्म सेवा अवधि पुरा भएमा प्रतिवर्ष खाइपाई आएको डेढ महिनाको तलब बराबरको दरले हुन आउने रकम ।

(घ) २० देखि २५ वर्षसम्म सेवा अवधि पुरा भएमा प्रतिवर्ष खाइपाई आएको दुई महिनाको तलब बराबरको दरले हुन आउने रकम ।

(ङ) २५ वर्षभन्दा बढी वर्षसम्म सेवा अवधि  पुरा भएमा प्रतिवर्ष खाइपाई आएको साढे दुई महिनाको तलव बराबरको दरले हुन आउने रकम ।

(३) स्थायी कर्मचारीहरुको अवकाश हुँदा वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, बिरामी बिदा, घर बिदा लगायतका सुविधा संघीय निजामति सेवा ऐनलाई मार्ग दर्शक नीति मानी गणना गरिने छ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि उक्त उपदफाहरु लागू हुनु पूर्व साविकमा बेसीशहर नगरपालिकाका कर्मचारीले पाएको सुविधालाई आधार मानी अवकाश सुविधा गणना गरिने छ ।

## परिच्छेद ६

## अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा

**१३. अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा** : अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा निम्न बमोजिमहुनेछ :

(क) ३ देखि १० वर्ष सेवा अवधि  पुरा गरेका कर्मचारीलाई आफूले काम गरेको प्रत्येक वर्षको निमित्त मासिक तलब स्केलको एक तिहाई बराबरको रकम,

(ख) १० देखि २० वर्ष सेवा अवधि  पुरा गरेका कर्मचारीलाई बुँदा (क) बमोजिम तथा थप अवधिको हकमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त मासिक तलब स्केलको दुई तिहाई बराबरको रकम,

(ग) २० वर्ष भन्दा माथि अवधि पुरा गरेका कर्मचारीलाई बुँदा (क) र (ख) बमोजिम तथा थप अवधिको हकमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त प्रत्येक वर्षका लागि एक महिनाको तलब बराबरको रकम,

(घ) एक महिनाको सार्वजनिक सूचना जारी गरी स्वेच्छिक राजिनामा गर्ने कर्मचारीहरुलाई यसै बमोजिम सुविधा प्रदान गर्ने,

(ङ) यसका अतिरिक्त अन्य सुविधा प्रदान नगर्ने ।

**१४. सेवा अवधि  गणना सम्बन्धी व्यवस्थाः** (१) देहायका कर्मचारीको वढुवा प्रयोजनको लागि हालको पदको सेवा अवधि को गणना देहाय बमोजिम गरिने छ ।

(क) संघीय निजामति सेवाबाट तह वृद्धि सहित समायोजन भै आएका कर्मचारीहरुको स्थानीय तहमा हाजिर भएको मिति देखिको सेवा अवधि ,

(ख) संघीय निजामति सेवाबाट ग्रेड वृद्धि सहित समायोजन भै आएका कर्मचारीहरुको उक्त पदको नियुक्ति मिति देखिको सेवा अवधि ,

(ग) संघीय लोक सेवा आयोगले स्थानीय तहको लागि भनी पद पूर्ति गरेका र हाल सरुवा भै बेसीशहर नगरपालिकामा आएका कर्मचारीहरुले नियुक्ति भएको मिति देखिको अवधि,

(घ) नगरपालिकामा कार्यरत रहेका स्थायी कर्मचारीहरुको हालको पदमा नियुक्ति भै हाजिर भएको मिति देखिको अवधि,

(ङ) नगरपालिकामा कार्यरत अस्थायी कर्मचारीहरु यस ऐन बमोजिम स्थायी भएमा संघीय निजामती सेवा ऐनमा रहेको प्रावधानलाई मागदर्शक नीति मानी सोही बमोजिम ।

(२) नगरपालिकामा कार्यरत अस्थायी, करार, सेवा करार तथा ज्यालादारी कर्मचारीहरुको उपदान वा अवकाश सुविधाको प्रयोजनको लागि हालसम्म अविच्छिन्न रुपमा कार्यरत रहेको अवधि ।

## परिच्छेद ७

## कर्मचारीको सेवाका शर्तहरु सम्बन्धी

**१५. बिदा, काज लगायतका सुविधा सम्बन्धीः** (१) संघीय निजामति सेवाबाट समायोजन भै आएका कर्मचारीले पाउने बिदा तथा काज सम्बन्धी व्यवस्था संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ ।

(२) स्थानीय तहको लागि भनी संघीय लोक सेवा आयोगले पदपूर्ति गरी, अन्य स्थानीय तहबाट सरुवा भै आएका कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा यस नगरपालिकाका स्थायी कर्मचारीले पाए सरह हुनेछ ।

(३) नगरपालिकामा कार्यरत स्थायी कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा संघीय निजामति सेवा ऐनमा तोकिए बमोजिम हुनेछ ।

(४) नगरपालिकामा कार्यरत अस्थायी तथा करारका कर्मचारीले पाउने बिदा तथा काज जस्ता सुविधा तोके बमोजिम हुनेछ । नियमावलीबाट तोक्नु पूर्व साविकमा पाएको सुविधा बमोजिम हुनेछ ।

(५) नगरपालिकामा कार्यरत सेवा करार तथा ज्यालादारी कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा संघीय सेवा करार सम्बन्धी निर्देशिका बमोजिम गरिने करार सम्झौता तथा नियुक्ति पत्रमा उल्लेख गरे बमोजिम हुनेछ ।

**१६. स्थानीय सेवाका कर्मचारीहरुलाई दिइने सजाय सम्बन्धी :** (१) संघीय निजामति सेवाबाट समायोजन भै आएका कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसको आधार संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ ।

(२) स्थानीय तहको लागि भनी संघीय लोक सेवा आयोगले पदपूर्ति गरी, अन्य स्थानीय तहबाट सरुवा भै आएका कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसको आधार संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ

(३) नगरपालिकामा कार्यरत स्थायी कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसको आधार संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ ।

(४) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई विभागीय सजाय दिनु पर्ने छानविनबाट देखिएमा निजको म्याद थप  गरिने छैन ।

**१७. स्थानीय सेवामा कार्यरत कर्मचारीको समय पालना र आचरण सम्बन्धी व्यवस्थाः**

(१)नगरपालिकामा कार्यरत कर्मचारीको समय पालना सम्बन्धी प्रबन्ध तथा आचरण सम्बन्धी व्यवस्था संघीय निजामति सेवा ऐन बमोजिम हुनेछ ।

(२) संघीय निजामति सेवा ऐनमा उल्लिखित समय पालना तथा आचरण सम्बन्धी प्रबन्धलाई मुटाटिस मुटाण्डिस्को हिसाबले नगरपालिकामा कार्यरत कर्मचारीहरुको हकमा समेत लागू गरिने छ ।

**१८. स्थानीय सेवामा कार्यरत कर्मचारीको अवकाश सम्बन्धी व्यवस्थाः** (१) यस ऐनमा अन्यथा व्यवस्था भएको बाहेक नगरपालिकामा कार्यरत स्थायी कर्मचारी ५८ वर्ष पुगेपछि अनिवार्य अवकाश हुनेछ । यस्तो कर्मचारीलाई अवकाश हुनु भन्दा ६ महिना पूर्व नै कार्यालयले सोको जनाउ पत्र दिनेछ ।

(२) स्थायी पदमा कार्यरत नगर प्रहरी तथा दमकल तर्फका कर्मचारीहरुको अवकाशको उमेर साविक बेसीशहर नगरपालिकाले उक्त सेवाका कर्मचारीको सम्बन्धमा गरेको प्रबन्ध बमोजिम हुनेछ । सेवा निवृत्त प्राविधिक कर्मचारीलाई बढीमा ५ वर्षका लागि सेवा करारमा राख्न सकिने छ ।

**१९. स्वास्थ्य सेवा तर्फका कर्मचारी सम्बन्धी विशेष व्यवस्थाः** (१) नगरपालिकामा कार्यरत स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको सेवाको शर्त यस ऐन बमोजिम हुनेछ ।

(२) संघीय स्वास्थ्य सेवा ऐन बमोजिम नियुक्ति भई तथा संघीय समायोजन ऐन बमोजिम समायोजन भै आएका स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको सेवाको शर्त सोही ऐन बमोजिम हुनेछ ।

(३) अन्य स्थानीय तहको दरबन्दीमा स्थायी नियुक्ति भई यस नगरपालिकामा सरुवा भई आएका स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको हकमा संघीय तथा प्रदेश कानुनले तोके पछि सोही बमोजिम हुने गरी, उक्त प्रबन्ध नभएसम्म बेसीशहर नगरपालिकाको स्थायी कर्मचारीको हकमा रहेको प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) स्वास्थ्य सेवाका कर्मचारीहरु सम्बन्धी नीतिगत अस्पष्टता भएमा संघीय कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ८

## विविध

**२०. दरबन्दीको अभिलेख तथा दायित्व व्यवस्थापनः**(१) यस ऐन बमोजिम कर्मचारीहरु स्थायी तथा समायोजन भई सके पछिको त्यसको अभिलेख नगरपालिकाको कर्मचारी प्रशासन शाखाले राख्नेछ ।

(२) यस ऐन बमोजिम स्थायी तथा समायोजन भएका कर्मचारीहरुको विवरण संघ तथा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम कर्मचारी स्थायी तथा समायोजन भएको कारणले उत्पन्न हुने आर्थिक दायित्व सम्बन्धी प्रस्ताव ऐनका दफाहरु कार्यान्वयन भए पछि बस्ने नगर सभामा पेश गर्नु पर्नेछ ।

**२१. यसै ऐन बमोजिम हुनेः** (१) संघीय निजामति सेवाबाट स्थानीय सेवामा समायोजन भई आएका कर्मचारी तथा स्थानीय तहको लागि संघीय लोक सेवा आयोगले गरेको पदपूर्ति प्रकृयामा सफल भई अन्य स्थानीय तहबाट सरुवा भई आएका कर्मचारी एवं स्थानीय सेवाको स्थायी पदमा कार्यरत कर्मचारीहरुको बिदा, काज, आचरण सम्बन्धी प्रबन्ध, विभागीय सजाय दिने व्यवस्था जस्ता प्रावधान यसै ऐन बमोजिम हुनेछ ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएता पनि साविकमा निजामति सेवाबाट समायोजन भई आएका कर्मचारीहरुको हकमा यस ऐन बमोजिम कर्मचारीहरुलाई प्रदान गरिएको मौद्रिक तथा गैर मौद्रिक सुविधा साविकमा उपलब्ध सुविधा भन्दा न्यून हुन गएमा साविकको प्रबन्ध बमोजिम नै हुनेछ ।

**२२. आवश्यक व्यवस्था मिलाउनेः** (१) यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नगरपालिकाको नगर कार्यपालिकाले आदेश पत्र जारी गरी त्यसको समाधान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिने छ ।

**२३. सामाजिक सुरक्षा कोषमा आवद्ध हुनेः** (१) नगरपालिकामा कार्यरत प्रचलित कानुन बमोजिम पेन्सन सुविधा नपाउने कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ।

(२) यस दफाको प्रयोजनको लागि कर्मचारीको तर्फबाट गर्नु पर्ने योगदान तथा नगरपालिकाको तर्फबाट गर्नु पर्ने योगदान रोजगारदाता र श्रमिकको योगदानको हकमा संघीय कानुनले तोके बमोजिम नै हुनेछ।

**२४. नियम तथा कार्यविधि बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्नका लागि नगरपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

अनुसूची १
दफा ४ को उपदफा (४) सँग सम्वन्धित
**समायोजन तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप पत्र**

पत्र सख्या :
चलानी न. मिति...................

श्री .......................................................
..........................................................

**विषय : समायोजन तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप गरिएको सम्वन्धमा ।**

बेसीशहर नगरपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम मिति................... देखि लागु हुने गरि तपाइलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरवन्दीमा रहने गरि समायोजन तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप गरिएको छ । समायोजन तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप हुनु भएकोमा बधाई छ ।

तपशिल

| हाल कार्यरत पदको विवरण | समायोजन तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप पछिको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समुह :<br>उप समुहः | पद :<br>तह :<br>सेवा :<br>समुह :<br>उप समुहः |

............................
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :-**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, पोखरा ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौ ।
श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाण्डौ ।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, लमजुङ ।
श्री आर्थिक प्रशासन शाखा, बेसीशहर नगरपालिका ।

**आज्ञाले,**
**जनार्दन अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**